फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुरिनटार, चितवन बागमती प्रदेश, नेपाल

विषय : करारमा शिक्षक पदपुर्ति सम्बन्धी सूचना। मितिः- २०८२।०७।३०

यस गाउँपालिकाको मितिः२०८२/०७/३० को निर्णय अनुसार इच्छाकामना गाउँपालिका करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०८०, बमोजिम यस पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा निम्न अनुसारका रिक्त शिक्षक पदहरुमा पदपुर्तिका लागि योग्यता पुगेका नेपाली नागरिकले तपसिलमा उल्लेख भएको कागजात सहित विज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र यस गाउँपालिकामा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै सूचना र दरखास्त फाराम यस कार्यालयको वेवसाइट www.ichchhakamanamun.gov.np मा अपलोड गरिएको छ।

| क्र.सं. | विज्ञापन नं | पद/तह | विषय | संख्या | दरवन्दीको प्रकार | विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १-०८२/८३ | माध्यमिक तह तृतीय | विज्ञान | १ | संघीय शिक्षण सहयोग अनुदान | श्री मा.वि. ढुंग्रे -६ | तेस्रो |
| २ | ७-०८२/८३ | | गणित | १ | | श्री जनप्रिय मा.वि. -२ | दोस्रो पटक |
| ३ | | | | १ | | श्री रानीखोला मा.वि., सिमलढाप - ७ | |
| ४ | ८-०८२/८३ | | अंग्रेजी | १ | | श्री रा.मा.वि., हात्तीवाङ -१ | |
| ५ | | | | १ | | श्री माझगाउँ, मा.वि.- ३ | |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता

क) विज्ञापन नं. १ -०८२/८३ को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ख) विज्ञापन नं. ७-०८२/८३ मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ग) विज्ञापन नं. ८- ०८२/८३ मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२. निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु : क) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु। ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि। घ) अनुभव वापत अंकका लागी सम्बन्धित तहमा नियुक्ती र सेवा प्रमाणित कागजात पेश गर्नु पर्नेछ।

३. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता (प्रयोगात्मक आवश्यकता अनुसार) ४. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकिए बमोजिम।

५. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

६. आवेदन दस्तुर **: Global IME बैक कुरिनटार शाखामा रहेको आन्तरिक राजश्व खाता १२१०४०१००००००४ वा कार्यालयको राजश्व शाखामा मा.वि. तह रु. १०००/- दाखिला गर्नुपर्नेछ।**

७. सूचना प्रकाशन मितिः२०८२/०७/ ३० र दरखास्त दिने **अन्तिम मितिः२०८२/०८/१४** गते कार्यालय समय भित्र। (सार्वजनिका बिदा परेमा कार्यालय खुलेको पहिलो दिन दरखास्त पेश गर्न सकिनेछ)

८. परीक्षा मितिः पछि प्रकाशित गरिनेछ। ९. तलव स्केलः नियमानुसार।

१०. सम्पर्क फोन नं ९८४८४८००२१ (कार्यालय समय भित्र मात्र।)

११. रित नपुगेको वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन।

१२. विज्ञापनको विस्तृत विवरण पालिकाको वेवसाइटमा मितिः२०८२/०७/३० गते अपलोड गरिएको छ।

बोधार्थः सूचना प्रविधि अधिकृत गा.पा. को website मा अपलोड गर्नुहुन।

प्रमुख प्रशासकीय अधिकृत
चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत